अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०२ | संख्या: २२ | मिति: २०८०/०२/०१

भाग-२

रामारोशन गाउँपालिका

## रामारोशन गाउँपालिकाको लंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८०

CS CamScanner

# रामारोशन गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष
# संचालन कार्यविधि-२०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०।०२।०१

प्रस्तावनाः

रामारोशन गाउँपालिकाको सामाजिक क्षेत्रमा देखा पर्ने लैंगिक हिंसाका घटनाहरु न्युनीकरण गर्न तथा पीडित पक्षको राहत , आर्तिक सहयोग तथा पुनःस्थार्पनामा पहल कदमिको लागि कोष स्थापना गर्न बान्छनीय भएकोले ,

"स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को दफा २ र रामारोशन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने २०७५ को दफा ४ "ले दिएको अधिकार प्रयोग गरि कार्यालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम" रामारोशन गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७"रहेको छ ।

२. यो कार्यविधि कार्यपालिका बाट स्वीकृत गरि राजपत्रमा प्रकासन भएको मिति देखि लागु हुनेछ

२.परिभाषाः विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्विधिमा -

१. लैंगिक हिंसा भन्नाले प्राकृतिक लैंगिकै कारण कार्य स्थल, सार्वजनिक स्थल तथा घरपरिवारमा हुने दुर्व्यवहार बहिस्कार तथा मनोबैज्ञानिक असर समेतलाई वुझ्नु पर्छ ।

२. ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ तथा रामारोशन गाउँपालिकाको प्रशासकीय गतिविधि नियमित गर्न बनेको ऐन २०७५ समेतलाई समझ्नु पर्छ ।

३. "कार्यपालिका " भन्नाले रामारोशन गाउँपालिकालाई सम्झनु पर्छ ।

४. "प्रमुख" भन्नाले रामारोशन गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

५. उपाध्यक्ष भन्नाले रामारोशन गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

६."कार्यपालिका सदस्य भन्नाले रामारोशन गाउँ कार्यपालिकाका सदस्यलाई सम्झनु पर्दछ ।

७. "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले रामारोशन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

८. "सम्वन्धित शाखा " भन्नाले रामरोशन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई सम्झनु पर्दछ ।

९. "कोष " भन्नाले यस कार्यविधिको नियम ३ बमोजिम स्थापित लैंगिक हिंसा निवारण कोष खातालाई सम्झनु पर्दछ ।

१०. " संचालक समिति " नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

११. "पीडित" भन्नाले लैंगिक हिंसाबाट पिडीत वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

### ३. लैंगिक हिंसा निवारण कोषको स्थापना तथा उपयोगः

**३. कोषको स्थापनाः** (१) रामारोशन गाउँ कार्यपालिकाको बैठकले तोकेको गाउँपालिका स्थित बैंकमा रामारोशन गाउँपालिकाको नाममा लैंगिक हिंसा निवारण कोष खाता खोलिने छ ।

२. दफा १ बमोजिम स्थापना गरिएको कोष खातामा देहाय बमोजिमका रकमहरु रहने छन ।

३. संघिय तथा प्रदेश सरकारबाट प्राप्त रकम

४. रामारोशन गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राप्त रकम

५.रामारोशन गाउँपालिका गाउँसभाले पारित गरेको वार्षिक बजेट अनुसारको रकम

६.अन्य स्थानिय तहहरुबाट प्राप्त रकम

७. स्वदेशि व्यक्ति वा सं३ संस्थाबाट प्राप्त रकम

८. विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट तथा सरकार बाट प्राप्त रकम

९. अन्य कुनैः श्रोतबाट प्राप्त रकम

४. <u>कोष खाता संचालनः</u> नियम ३ बमोजिम स्थापित कोष खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

५. <u>कोषमा रकम जम्मा गर्नुपर्नेः</u> महिलाको हक हितको संरक्षणको लागी गाउँपालिकाले बार्षक रुपमा तोके बमोजिमको रकम र सोहि क्षेत्रमा खर्च गर्ने गरि संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम नघटाई यथासिघ्र कोषमा जम्मा गर्ने दायित्व गाउँ कार्यपालिकाको हुने छ ।

६. <u>कोषको उपयोगः</u>

१. कोषको रकम संचालक समितिको सिफारिस अनुसार देहायको कामको लागि पिडितको उद्धार तथा राहतको लागि उपलब्ध गराउन सकिनेछ ।

७. औषधि उपचार गर्ने

८. राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन

९. कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

१०. कुनै व्यावसाय गर्नको लागि बिउ पुँजीको रुपमा प्रदान गर्ने

११. पुनस्थापना गराउन

१२. पिडितको लागी संचालक समितिले तोकेको अन्य काममा

१. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले लैंगिक हिंसाबाट पिडित महिला पुरुष बालवालिका किशोर किशोरी वा लैगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**७. <u>कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:</u>**

१. कोषको रकम नियम ५ मा लेखिए बमोजिम वाहेक अन्य कार्यमा खर्च गर्न सकिने छैन । २. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालक समितिको बैठक संचालन गर्न लाग्ने खचको लागी कोषको रकम उपयोग ग्रन सकिनेछ ।

## परिच्छेद ३

## संचालक समिति गठन तथा काम कर्तव्य र अधिकार

**८. संचालक समितिको गठन:**

१. पिडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने काम समेतका लागि संचालक समिति रहने छ ।

२. उपनियम (१) वमोजिमको संचालक समिति नगर कार्यपालिकाको निर्णय अनुसार देहायको संख्या एवंम स्वरुपको हुनेछ ।

क) गाउँपालिका उपाध्यक्ष:

ख) प्रमुख प्रशासकीय अधिकृत:

ग) प्रमुख ईलाका प्रहरी कार्यालय:

घ) गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य: सदस्य

ङ) नगर क्षेत्रमा कार्यरत गै.स.स. बाट संचालक समितिले तोकेको १ जना: सदस्य

च) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख: सदस्य सचिव

छ) संचालक समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहने छ ।

ज) संचालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**९. संचालक समितिको काम कर्तव्य र अधिकार:**

१. लैगिक हिंसाबाट पिडित व्यक्तिको पहिचान गर्ने

२. उदार राहत तथा पुनर्स्थापना गर्नुपर्ने वा नगर्ने अवस्थाको आंकलन गर्ने

३. पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस गर्ने

४. राहत तथा आर्तिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने

५. स्थानीय तहमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरुबिच सम्न्वय गर्ने

६. लैंगिक हिंसा हुन नदिनका लागी स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने

७. वडा स्तरमा हुने बालविवाह तथा बहु विवाहका घटनाहरुको निगरानी गर्ने तथा सम्वन्धित पक्षलाई आवश्यक सुझाव तथा परामर्श दिने

८. बार्षिक बजेट व्यवस्थापनको लागी कार्यपालिकालाई अनुरोध गर्ने

**१०. राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने रकमको हद र आधार:**

यस कार्यविधि अनुसार पिडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउदा देहाएको रकममा नवढने गरि उपलव्ध गराईने छ ।

(१) पिडितलाई तत्काल उदार गर्नुपर्ने भएमाल सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाढा रकम र खाना खर्च वाफत तथा वास वस्नुपर्ने भए सो वाफतको रकम ५००० नवढनेगरी उपलव्ध गराउने

(२) पिडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च र उपचार खर्च समेत गरी ७ हजार नवढने गरी उपलव्ध गराउने

(३) कानुनी सहायता मनोवैज्ञानिक उपचार वा मनोविमर्श का लागी पाँच हजार नवढने गरि लागेको यथार्थ खर्च उपलव्ध गराउने

(४) कुनै व्यवसाय गर्नको लागी बिउ पुजिको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरि वढिसमा २० हजार उपलव्ध गराउने

(५) पुनस्थार्पनाको हकमा बढिमा ५ हजार उपलव्ध गराउने

परिच्छेद ४

विविध

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने:**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकार वाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मानसिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा निवेदन दिनुपर्नेछ

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

(२) उपनियम १ बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा संचालक समितिले नियम १० बमोजिम अधिनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ

**१२. तत्काल रकम उपलव्ध गराउन सक्ने:**

(१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि पिडितलाई तत्काल उद्बार औषधी उपचार पुनस्थार्पना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षती हुने देखिएमा संचालक समितिको अध्यक्षले को प्रयोजनको लागी कोषबाट १०००० अक्षरुपी दश हजार मात्र नबढनेगरी मनासिब रकम पिडितलाई उपलव्ध गराउन सक्नेछ

(२) उपनियम १ बमोजिमको अवस्थामा अध्यक्षले उपलव्ध गराएको रकम त्यसपछि बस्ने संचालक समितिको बैठकबाट अनुमोदन गराउनुपर्नेछ

**१३. कोषको लेखा तथा लेखा परीक्षण:**

(१) कोषको आए व्यायको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ

(२) कोक्षको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ

**१४. आवर्ति रिभल्भिङ कोष:** यो कोष आवर्ति रिभल्भिङ कोष

**१५. प्रतिवेदन पेश गर्ने:**

(१ )संचालक समितिले प्रत्यक २ महिनामा सो समितिवाट भए गरेको काम कारवाही प्रतिवेदन कार्यपालिका बैठकमा पेश गर्नुपर्ने छ

(२) कार्यपालिकाले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ

**१६. बैठक भत्ता:** संचालक समितिका अध्यक्ष तथा सदस्यले सो समितिको बैठाकमा भाग लिए वाफत गाउँ कार्यपालिकाको बैठकले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन

**१७. निर्देशन दिन सक्ने:** कार्यपालिका बैठकले संचालक समितिको काम कारवाहीका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ

**१८. बचाउ र खारेजी:** यस कार्यविधिको दफा तथा उपदफा प्रदेह संघ वा नगरपालिकाको कुनै ऐन नियम प्रावधान संग बाझिएमा बाझिएको हद सम्म स्वत खारेज भएको मानिनेछ ।

२०८०।०२।१९
राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner